# सरुमारानी गाउँपालिका प्यूठान समक्ष

## पेश गरिएको आ.व. २०७९/०८० को प्रथम चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको

# अन्तिम प्रतिवेदन


प्रतिवेदन पेश गर्ने

**यूथ मिडिया डेभलप्मेन्ट सेन्टर, नेपाल**

*(सामुदायिक रेडियो कृपालु)*

**खलंगा प्यूठान**

१. सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना :

आयोजक : सरुमारानी गाउँपालिका, प्यूठान

सहजिकरण : यूथ मिडिया डेभलप्मेन्ट सेन्टर, नेपाल

संयोजन/सहजकर्ता : प्रज्वल पहाडी

२. सुनुवाई गरिएका विषयवस्तुहरु :

क) गाउँपालिकाले आ.व. ०७९/०८० को प्रथम चौमासिकमा संचालन गरेका गतिविधिहरुको प्रगति प्रतिवेदन प्रस्तुत गरियो ।

ख) कार्यक्रम पुर्व संकलन गरिएको नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत पत्रको प्रतिवेदन प्रस्तुत गरि गाउँपालिका अध्यक्ष श्री भ्रग बहादुर विश्वकर्मा र प्रमुख प्रशासकीय अधिकृत चिन्तामणी रेग्मीबाट जवाफ तथा प्रतिवद्धता लिइयो ।

ग) गाउँपालिकाले बनाएका कानुन, नीति नियम, विकास योजना एवं गतिविधिहरुको बारेमा सुनुवाई गरी सहभागीहरुबाट जिज्ञासा, सुझाव एवं गुनासो संकलन गरियो ।

३. कार्यक्रम आयोजना स्थल :

सरुमारानी गाउँपालिका-४ बड्डाँडा सभाहल

४. कार्यक्रम आयोजना गरिएको मिति र समय :

मिति : २०७९ पुस ३ गते

समय : दिउँसो १२:३० बजेदेखि ३:३० बजेसम्म

५. कार्यक्रम संचालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :

३ घण्टा

८. वर्हिरगमन अभिमत पत्रबाट :

वर्हिगमन अभिमत संकलनका क्रममा संकलन भएका सवालहरु र जवाफ :

| क्र.सं. | सवालहरु | जवाफदेहि व्यक्ति, कार्यालय वा संस्था | जवाफ |
|---|---|---|---|
| १. | सत्य माविमा साइन्सको ल्याव छैन र कम्प्युटर ल्याव छ तर शिक्षकलाई तालिम छैन । | अध्यक्ष | संघ मार्फत वर्षमा एक विद्यालयलाई मात्र सामाग्री प्राप्त हुदै आएको । यसै आर्थिक वर्षमा साइन्स ल्यावको व्यवस्थापन गरिने |
| २. | १ र २ को चापाकलको पानी सुद्ध छ कि छैन | अध्यक्ष | तत्काल पानि परिक्षणको व्यवस्थापन मिलाउछौं । |
| ३. | कृषिका लागि माटो परिक्षण गर्नुपर्ने | अध्यक्ष | यस भन्दा पहिले पनि गरिदै आएको । परिक्षण संगै व्यवसायिक खेतीको प्रोत्साहनका लागि गाउँपालिकाले मुख्य प्राथमिकता दिदै आएको । |
| ४. | कृषक पाठशाला सञ्चालन गर्नुपर्ने। | अध्यक्ष | यस अघि संचालन गरेको पाठसाला प्रभावकारी भएको । आगामी दिनमा समेत यसलाई प्राथमिकता दिइने । |
| ५. | पकेट क्षेत्र घोषणा गरेर विस्तार र विकासका लागि पहल भएन ? | अध्यक्ष | ३४ वटा पकेट क्षेत्र निर्धारण गरि यसै वर्ष व्यवसायिक खेती प्रणालीलाई अगाडी वढाउन लागिएको छ । |
| ६. | सार्वजनिक सुनुवाईमा उठेका सवालहरु के कति कार्यान्वयन भए ? | अध्यक्ष/प्रप्रअ | कतिपय सवालहरुको सम्वोधन भएको । कतिपय स्रोत साधन र आवश्यकता हेरीकन कार्यान्वयन नभएको । |
| ७. | हंसपुर वृहत खानेपानी कहिले सुचारु हुन्छ । हुन्छ हुन्छ मात्रै भन्छन् ? | अध्यक्ष | स्थानीयरुपमा त्यसको समस्या रहेकोले तत्काल पालिकावाट प्राविधिक समेत खटाई खानेपानी आपूर्तिका लागि अगाडी वढ्ने । |
| ८. | वडा नं. ६ का पहिरो पिडितको गुनासो घर भाडा तिरिदिन्छु भनेको तिरिदिएन, बारी सम्माइदिने भनेको काम पनि भएन । | अध्यक्ष | अन्य ठाउँमा पनि पहिरो पिडितको समस्या रहेको । त्यसको सहि डाटा संकलन गरि क्षतिपूर्तिका लागि गाउँपालिकाले प्राथमिकता दिने । |
| ९. | सरुमारानी ६ मा रहेको माविमा धेरै राजनीति भयो । शिक्षक २ महिनामा सरुवा हुन्छन । भवन अलपत्र छ । | अध्यक्ष | पालिकाले शैक्षिक सुधारका लागि शिक्षा शाखा तथा शिक्षकहरुलाई हस्तक्षेप गर्ने गरेको छैन । भवनको केहि काम बाँकी रहेको र त्यसलाई तत्काल सुधार गरेर प्रयोगमा ल्याउने । |
| १०. | बागेखोला-मोटरबाटोमा वर्षेनी खर्च गरिएपनि बाटोको अवस्था फेरिएन । | अध्यक्ष | वर्षेनी त्यो वाटोमा लगानी गर्दै आइएको छ । पहिलेको अवस्था भन्दा धेरै सुधार छ । |
| ११. | सरुमारानी लेक र दहको प्रचार प्रसार भएन । | अध्यक्ष | प्रचार प्रसार गर्नु सबैको दायित्व हो । गाउँपालिका त्यसमा सकारात्मक छ । |

| | | | |
|---|---|---|---|
| | गाउँपालिका भवन सुरक्षित बनाउन कम्पाउण्ड बनाउनुपर्‍यो । | अध्यक्ष | नयाँ भवन निर्माण भएकोले निर्माणको कार्य नियमित अगाडी बढाउदै आएका छौं । |
| [illegible] | वड्डाँडाको खानेपानी समस्या समाधान हुन सकेन । | अध्यक्ष | खानेपानी आपूर्तीका लागि गाउँपालिकाले प्रमुख प्राथमिकतामा राख्दै आएको छ । |
| १४. | अनुदान एउटै व्यक्तिले पाउने हो कि सबैले पाउने हो ? सूचना आफ्ना मान्छेलाई मात्रै गर्ने गरिन्छ । | अध्यक्ष | काम गर्ने उद्यमीले पाउने हो । उत्पादनमा आधारीत भई अनुदान वितरण प्रणालीलाई गाउँपालिकाले जोड दिएको छ । |
| १५. | पहिरो पिडितले राहत फरक फरक पाए किन ? २०, १४, १० हजार पाए । | अध्यक्ष | जिल्लाको मापदण्ड अनुसार क्षतिपूर्ति वितरण भएको छ । |
| १६. | समयमै भुक्तानी भएन योजनाको | अध्यक्ष/प्र.प्र.अ | डकुमेन्ट पुरा गरेर ल्याउने उपभोक्ता वा निर्माण कम्पनीका लागि समयमै भूक्तानी भएको छ । कतिपय डकुमेन्ट मिलाएर नल्याउदा यस्तो समस्या हुन सक्छ । |
| १७. | गाउँपालिकामा जनप्रतिनिधि भन्दा कर्मचारी हावी भएका छन् | प्र.प्र.अ./अध्यक्ष | कानुनले दिएको अधिकार अनुसार जनप्रतिनिधि तथा कर्मचारीहरु आआफ्नो जीम्मेवारीमा रहेका छन् । |
| १८. | पालिकाको सूचना जिल्ला भित्रका भन्दा बाहिरका पत्रकारलाई दिने गरिएको छ । | प्र.प्र.अ | स्थानीय मिडियालाई पनि मागको आधारमा दिने गरिएको छ । यसलाई सुधार गर्छौं । |

**बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-**
(सेवा लिई फर्किएकाहरु सहभागी)

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | २२ | २८ | ५ | ६ | ८ | ११ | ५ | ५ | ४ | ५ | ० | १ | |

**७. नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) बाट :**
नागरीक प्रतिवेदन पत्र संकलनका क्रममा संकलन भएका सवाल तथा सुझावहरु र सोको जवाफ :

**नागरिक प्रतिवेदन (Citizen Report Card) मा सहभागीहरुको विवरण (सार्वजनिक सुनुवाई संचालन हुने सेवा क्षेत्र भित्रका सहभागीहरु)**

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | १७ | ३३ | ३ | ५ | ८ | १३ | ५ | ७ | १ | ८ | ० | ० | |

सार्वजनिक सुनुवाईमा उठेका प्रश्न/जिज्ञासा र उत्तर (मुख्य-मुख्य) :

| | प्रश्नकर्ता गुनसो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकारी व्यहोरा |
|---|---|---|---|---|
| १. | माधव पोखेल (दर्भान बजार व्यवस्थापन समिति ) | दरभान बजारमा विग्रीयका सडकलाईट मर्मत कहिले हुने ? | झग बहादुर विश्वकर्मा | गाउँपालिकामा उक्त समस्या जानकारिमा नआएको । तत्काल मर्मत गरिने । |
| | | सिसि क्यामोरा जडान हुनु पर्‍यो | झग बहादुर विश्वकर्मा | आवश्यकता हेरेर गाउँपालिका अगाडी बढ्ने |
| | | प्रहरी विट व्यवस्थापन | झग बहादुर विश्वकर्मा | प्रक्रियामा अगाडी वढेको छ । |
| | | ४० थान डस्टविन परिपूर्ति हुनु पर्‍यो | झग बहादुर विश्वकर्मा | डस्टवीन खरि प्रक्रिया अगाडी वढेकोले आवश्यकताको आधारमा तत्काल विवरण गरिने । |
| | | पालिका मार्फत गीट्टी ढुवानी गर्दा विग्रीएको दर्भान बजार देखि बाङ्गेशाल तर्फ जाने बाटो मर्मत हुनु पर्‍यो | झग बहादुर विश्वकर्मा | बर्षेनी बाटो सुधारका लागि गाउँपालिकाले काम गर्दै आएको छ । यसपटक पनि आवश्यकता हेरी अगाडी वढ्छौं । |
| २. | दुर्गालाल पन्थी | सुचना पार्टी नभएको | झग बहादुर विश्वकर्मा | तयारी अवस्थामा छन् । गाउँपालिकामा सम्पर्क गरेर लानु पर्‍यो |
| ३. | दोर्ण वहादुर राना | सहकारीलाई लेखा राख्नका लागि सफ्टवयरको व्यवस्थापन र तालिमको व्यवस्थापन गर्नु पर्‍यो । | झग बहादुर विश्वकर्मा | सहकारी नाफा मुलक भएका कारण सहकारीले पनि लगानी गर्नु पर्‍यो । गाउँपालिका सहकारीको विकास र प्रर्वद्धनका लागि सहकार्य गर्न तयार छ |

९. सवाल, प्रतिवद्धता/कार्ययोजना :

| क्र.सं. | सवाल | प्रतिवद्धता /कार्ययोजना |
|---|---|---|
| १ | सत्यमावि ददेरीमा साइन्स ल्यावको व्यवस्थापन | यसै आर्थिक वर्षको वजेट तथा कार्यक्रममा समावेश गरि साइन्स ल्यावको व्यवस्थापन गरिने । |
| २ | हंशपुरमा खानेपानी आपूर्ति | पालिका मार्फत प्राविधिक खटाई तत्काल अवस्थाको विश्लेषण, इष्टमेटको कार्य अगाडी बढाउने । |
| ३ | कासकोट विद्यालयमा रकम दुरुपयोग | शिक्षा शाखाको नेतृत्वमा तत्काल छानविन गरिने साथै पालिकावाट अनुगमन गरिने |
| ४ | दर्भान वजारमा सडकलाईट मर्मत | तत्काल मर्मत कार्य अगाडी बढाइने |
| ५ | दर्भान बजारको फोहोर व्यवस्थापन | आवश्यकताको आधारमा डस्टवीनको व्यवस्थापन गरिने । |

प्रतिवेदन दिइएको मिति : २०७९ पुस ३ गते

सार्वजनिक सुनुवाई संयोजकको दस्तखत :

खर्च विवरण :

| क्र.सं. | बिवरण/खर्च शिर्षक | परिणाम | दर | जम्मा | करकट्टी | जम्मा खर्च |
|---|---|---|---|---|---|---|
| १. | व्यानर | १ | ८००/- | ८००/- | | ८००/- |
| २. | प्रत्यक्ष प्रशारण | १ | ५,०००/- | ५,०००/- | | ५,०००/- |
| ३. | सहजकर्ता | १ | १,५००/- | १,५००/- | २२५/- | १२७५/- |
| ४. | सहभगी चिया नास्ता | ८० | १५०/- | १२,०००/- | | १२,०००/- |
| ५. | अतिथि खाना | २० | २५०/- | ५,०००/- | | ५,०००/- |
| ६. | नागरिक प्रतिवेदन पत्र तथा बर्हिगमन अभिमत संकलन, प्रशोधन तथा प्रतिवेदन तयार | १० दिन २ जना | १,०००/- | २०,०००/- | ३,०००/- | १७,०००/- |
| ७. | फोटोकपी, प्रिन्ट | ८८० प्रति | ५/- | ४,४००/- | | ४,४००/- |
| | जम्मा | | | ४८,७००/- | | ४५,४७५/- |

https://pyuthansamachar.com/11846/

## नियमित सार्वजनिक सुनुवाइ गर्दै सरुमारानी गाउँपालिका




**प्युठान** । जिल्लाको सरुमारनी गाउँपालिकाले नियमित रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आएको छ ।

चौमासिक रुपमा पालिकाले गर्दै आएको कामको सार्वजनिक सुनुवाइ गर्दै आएको हो ।

यस चालू आर्थिक वर्षको प्रथम सार्वजनिक सुनुवाइ आज सम्पन्न भएको छ । युथ मिडिया डेभलपमेन्ट सेन्टर नेपालले सहजीकरण गरेको हो ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष झग बहादुर विश्वकर्मा र प्रमुख प्रशासकीय अधिकृत चिन्तामणी रेग्मिले उठेका सवालको जवाफ दिनु भएको थियो । प्रमुख प्रशासकीय अधिकृत रेग्मीले चौमासिक प्रगती प्रतिबेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा बहिर्गमन अभिमत पत्र र नागरिक प्रतिबेदन पत्रमा सडक, खानेपानी, बिद्यालय, अनुदान लगायतका सवाल आएका थिए ।
कार्यक्रमको सन्चालन पत्रकार प्रज्वल पहाडीले गर्नुभएको थियो ।

Page:

आज मिति २०७९ साल पौष ०३ गतेका दिन सरुभारानी गाउँपालिका गाउँकार्यपालिकाको आ.व. २०७९/०८० को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम यस गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा तथा तपसिलका उपस्थितीमा सम्पन्न गरियो।

उपस्थिती

१. श्री झग बहादुर विश्वकर्मा - गा.पा. अध्यक्ष
२. श्री बसन्ता खड्का - गा.पा. उपाध्यक्ष
३. श्री चिन्तामणी रेग्मी - प्रमुख प्रशासकीय अधिकृत
४. श्री उम बहादुर खाम्चा मगर - ने.क.पा. एमाले
५. श्री लक्ष्मण जि.सी - नेपाली कांग्रेस
६. - ने.क.पा. माओवादी केन्द्र
७. - ने.क.पा. एकिकृत समाजवादी
८. श्री नमराज राना मगर - राष्ट्रिय जनमोर्चा पार्टी
९.
१०.
११. श्री चिन्त बहादुर खाम्चे मगर - ४ नं. वडा अध्यक्ष
१२. श्री भिम बहादुर मर्साङी - ३ नं. वडा अध्यक्ष
१३. श्री मोहम्मद हलिम हलवाई - कार्यपालिका सदस्य
१४. श्री लक्ष्मीपल्ली मगर - ५ नं. वडा अध्यक्ष
१५. श्री भानुभक्त कुसाल - २ नं. वडा अध्यक्ष
१६. श्री तिल बहादुर बुढा - ६ नं. वडा अध्यक्ष
१७. श्री नर बहादुर घर्ती - १ नं. वडा अध्यक्ष
१८. श्री पुर्ने सिं सुनार - कार्यपालिका सदस्य
१९. श्री चन्द्रिमा थापा - कार्यपालिका सदस्य
२०. श्री आशा वि.क. - कार्यपालिका सदस्य
२१. श्री कल्पना सुनार - कार्यपालिका सदस्य
२२. श्री यमुना राइ मगर - कार्यपालिका सदस्य
२३. श्री जुमान सिंह केसी - पत्रकार
२४. श्री मनकला सुनार - वडा सदस्य
२५. श्री शारदा राना पल्ली - ॥
२६. श्री मनिसा गुरुङ - ॥
२७. श्री मिना विश्वकर्मा - ॥
२८. श्री पार्वती पुन मगर - ॥

२९. श्री रुद्र लाल पन्थी - वडा सदस्य
३०. श्री कमल वं कुमाल - धामी कुमाल कृ.पुस्तक संयोजक
३१. श्री मिन्टु कुमार गुरुङ - वडा सदस्य
३२ श्री सरस्वता खतिवडा - संजीवनी सामाजिक सरकारी गोष्ठिना सल्लाहकारी सदस्य
३३ श्री राजराज आचार्य अनौपचारिक शिक्षा सहकारी संस्था
३४ श्री खालिस मियां वडा सदस्य
३५ श्री खेद बहादुर पुन वडा नं वडा सदस्य
३६ श्री प्रेम बहादुर समाज ... श्री अमृत जनविकास सहकारी संस्था
३७ श्री हिरा बहादुर दर्लामी श्री भीमसेन मा.वि. गाउँपुर
३८ श्री नारायणप्रसाद पौडेल प्र.अ. श्री सत्य मा.वि. दरेदी
३९ श्री कल्याण खड्का प्र.अ. श्री आर्मोदय मा.वि. पुर्नेचौर
४० श्री धनेश कुमार पाण्डे " श्री ज.मा.वि. वडडाडा
४१ श्री राम बहादुर मल्ल " श्री ड.मा.वि. चामा
४२ श्री माधव प्रसाद पोखरेल श्री दर्शन वि. व्यवस्थापन समिति अध्यक्ष
४३ श्री वडा सदस्य श्री शकुन्तला मिया
४४ श्री देवी व. धामी - वडा सदस्य
४५ श्री भोज वं सारु मगर " "
४६ श्री खड्ग व. मोक्ता " "
४६ श्री टेकेन्द्र राजभाई (ले.शा.प्र. (कुआपानी) गा.पा.
४८ श्री सुभाष पारखरेती कम्प्युटर अपरेटर (पाँचो)
४९ श्री तेजेन्द्र भण्डारी (रोजगार संयोजक)
५० श्री लक्ष्मण आचार्य (प्रसासन शाखा प्रमुख)
५१ श्री चम्पा पाण्डे ना.प्रा.स. कृषि वि. शाखा
५२ श्री उध्दव न्यौपाने अ.न.मी. स्वास्थ्य शाखा
५३ श्री सावित्रा श्रेष्ठ उ.वि.स. उद्यम विकास शाखा
५४ कि. गुरी लाल चौधरी प्रहरी चौकी वडाडा
५५ टोप बहादुर शाही लेखा अधिकृत
५६ शिव राम न्यौपाने सूचना प्राविधिक अधिकृत
कृष्ण दर्लामी अ.न. ४ वडा नं. २
तिलाराम श्रेष्ठ जिल्ला समन्वय ...
... दम बहादुर रायमाझी वडा सचिव वडा नं. १
६०. श्री साधना सिंह सहायक पाँचो
श्री विक्रम प्र शाह ४ नं. वडा सचिव
६२ श्री शंकर राज आचार्य वडाहरीय पाल्पा ...

| | |
|---|---|
| गौरव खनाल | रोजगार सहायक |
| कृष्ण प्रसाद आचार्य | |
| इश्वर सिं.ठी | कृषि अधिकृत |
| किशन गिरी | पशु सेवा प्राविधिक |
| लोक बहादुर के.सी. | पशु स्वास्थ्य प्राविधिक |
| केदराज शर्मा पाण्डे | परियोजना संयोजक सरकारी कु.स्रोत |
| सुभाष गौतम | इन्जिनियर |
| पुष्पलाल साही | शिक्षा अधिकृत |
| श्री कुमारी रोके | ख.पा.नि.रे. |
| श्री गणेश पुन | वडा सदस्य |
| श्री मात्रिका पुन | " " |
| श्री गोमती खापचामगर | " |
| विजय सिंह भाटी | प्रम |
| विमल पोखेल | " |
| | उज्वल पहलि साहजकर्ता |
| रिमा पुन मगर | (नगर प्रहरी) |
| रेखा शर्मा | ( " " ) |
| धन बहादुर रना | (का. स.) |
| गोविन्द प्रसाद पोखेल | (का. स.) |
| भरत राना | (का. स.) |
| मिन ब. पुन मगर | (प्र०६) |
| लोक बहादुर राना | (वडा सदस्य) |
| शिवराम न्यौपाने | ( " " ) |

# सरुमारानी गाँउपालिका प्यूठान समक्ष

पेश गरिएको आ.व. २०७९/०८० को पहिलो चौमासिक

## सार्वजनिक सुनुवाई कार्यक्रमको लागि पुर्व प्रतिवेदन

मिति : २०७९ पुस २ गते

प्रतिवेदन पेश गर्ने

यूथ मिडिया डेभलप्मेन्ट सेन्टर

खलंगा, प्यूठान

. पृष्ठभूमी :

सेवाप्रदायक निकाय (स्थानीय सरकार) र सेवाग्राही (नागरिक)हरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनलाई नेपाल सरकार माननीय मन्त्रीस्तरको मिति २०६८।०१।१२ को निर्णय अनुसार स्वीकृत "स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७" जारी गरिएको छ ।

स्थानीय सरकारबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने उद्देश्यले ***सरुमारानी गाँऊपालिकाको कार्यालयको आयोजना र यूथ मिडिया डेभलप्मेन्ट सेन्टरको सहजिकरण***मा आ.व. २०७९/०८० को पहिलो चौमासिक *सार्वजनिक सुनुवाई कार्यक्रम २०७९ पुस ३ गते सरुमारानी गाउँपालिका वडा नं. ४ स्थित बहुउदेश्यीय सभाहल बड्डाँडामा* संचालनका लागि पूर्व अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

<u>सार्वजनिक सुनुवाई गर्ने संस्था वा व्यक्ति :</u>

*आयोजक : सरुमारानी गाँऊपालिकाको कार्यालय, प्यूठान*

*सहजिकरण : यूथ मिडिया डेभलप्मेन्ट सेन्टर, खलंगा प्यूठान*

सहजकर्ताको नाम : प्रज्वल पडाडी

१) अध्ययन गरिएको क्षेत्र : वहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :- *गाँऊपालिकाको कार्यालय, १, २, ३, ४, ५ र ६ नम्बर वडा कार्यालयबाट सेवा लिई फर्किएकाहरु सहभागी*

२) नागरिक प्रतिवेदन (Citizen Report Card) मा सहभागीहरुको विवरण :- *सार्वजनिक सुनुवाई संचालन हुने बड्डाँडा सेवा क्षेत्र भित्रका सहभागीहरु र विभिन्न वडाका सेवाग्राही*

अध्ययन गरिएको अवधि :

मिति : २०७९ मंसिर २५ गतेदेखि पुस १ गतेसम्म ।

१. वर्हिरगमन अभिमत पत्र तथा नागरिक प्रतिवेदन पत्रबाट :

संकलन भएका सवालहरु :

| क्र.सं. | सवालहरु | जवाफदेहि व्यक्ति, कार्यालय वा संस्था | ज़वाफ | कैफियत |
|---|---|---|---|---|
| १. | सत्य माविमा साइन्सको ल्याव छैन र कम्प्युटर ल्याव छ तर शिक्षकलाई तालिम छैन । | अध्यक्ष | | |
| २. | १ र २ को चापाकलको पानी सुद्ध छ कि छैन | अध्यक्ष | | |
| ३. | कृषिका लागि माटो परिक्षण गर्नुपर्ने | अध्यक्ष | | |
| ४. | कृषक पाठशाला सञ्चालन गर्नुपर्ने। | अध्यक्ष | | |
| ५. | पकेट क्षेत्र घोषणा गरेर विस्तार र विकासका लागि पहल भएन ? | अध्यक्ष | | |
| ६. | सार्वजनिक सुनुवाईमा उठेका सवालहरु के कति कार्यान्वयन भए ? | अध्यक्ष/प्रप्रअ | | |
| ७. | हंसपुर वृहत खानेपानी कहिले सुचारु हुन्छ । हुन्छ हुन्छ मात्रै भन्छन् | अध्यक्ष | | |
| ८. | वडा नं. ६ का पहिरो पिडितको गुनासो घर भाडा तिरिदिन्छु भनेको तिरिदिएन, बारी सम्माइदिने भनेको काम पनि भएन । | अध्यक्ष | | |
| ९. | सरुमारानी ६ मा रहेको माविमा धेरै राजनीति भयो । शिक्षक २ महिनामा सरुवा हुन्छन । भवन अलपत्र छ । | अध्यक्ष | | |
| १०. | वागेखोला-मोटरवाटोमा वर्षेनी खर्च गरिएपनि वाटोको अवस्था फेरिएन । | अध्यक्ष | | |
| ११. | सरुमारानी लेक र दहको प्रचार प्रसार भएन । | अध्यक्ष | | |
| १२. | गाउँपालिका भवन सुरक्षित वनाउन कम्पाउण्ड वनाउनुपर्‍यो । | अध्यक्ष | | |
| १३. | वड्डाँडाको खानेपानी समस्या समाधान हुन सकेन । | अध्यक्ष | | |
| १४. | अनुदान एउटै व्यक्तिले पाउने हो कि सबैले पाउने हो ? सूचना आफ्ना मान्छेलाई मात्रै गर्ने गरिन्छ । | अध्यक्ष | | |
| १५. | पहिरो पिडितले राहत फरक फरक पाए किन ? २०, १४, १० हजार पाए । | अध्यक्ष | | |
| १६. | समयमै भुक्तानी भएन योजनाको | अध्यक्ष/प्र.प्र.अ | | |
| १७. | गाउँपालिकामा जनप्रतिनिधि भन्दा कर्मचारी हावी भएका छन् | प्र.प्र.अ./अध्यक्ष | | |
| १८. | पालिकाको सूचना जिल्ला भित्रका भन्दा वाहिरका पत्रकारलाई दिने गरिएको छ । | प्र.प्र.अ | | |

**बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-**

(गाँऊपालिका र वडा कार्यालयवाट सेवा लिई फर्किएकाहरु सहभागी)

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | २२ | २८ | ५ | ६ | ८ | ११ | ५ | ५ | ४ | ५ | ० | १ | |

**नागरिक प्रतिवेदन (Citizen Report Card) मा सहभागीहरुको विवरण (सार्वजनिक सुनुवाई संचालन हुने सेवा क्षेत्र भित्रका सहभागीहरु)**

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | १७ | ३३ | ३ | ५ | ८ | १३ | ५ | ७ | १ | ८ | ० | ० | |

**प्रतिवेदन दिएको मिति : २०७९ पुस २ गते ।**

**सहजकर्ता गर्नेको दस्तखत :**

आ.व. ०७९/०८० को पहिलो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रम

## प्रस्ताव पत्र

| पेश गर्ने : | स्विकृत गर्ने : |
|---|---|
| युथ मिडिया डेभलप्मेन्ट सेन्टर नेपाल | सरूमारानी गाउँपालिका |
| सामुदायिक रेडियो कृपालु | प्यूठान |

१. कार्यक्रमको नाम :

**सार्वजनिक सुनुवाई**

२. कार्यक्रम अवधी :

आ.व. ०७९/०८०

३. कार्यक्रम हुने स्थान :

समन्वय गरी कार्यक्रम हुनुभन्दा १५ दिन अघि सुचित गरिनेछ ।

४. लक्षित सहभागी संख्या :

१५० जना ।

५. प्रस्तावना :

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनिहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ ।

यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार व्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजीक सुनुवाईबाट सार्वजनिक निकायहरुलाई उनीहरुले गरेको कामको पृष्ठपोषण पनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुण र दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुकका नागरिकको अधिकार पनि हो ।

सर्वसाधारण नागरिक र अधिकारमा बसेका व्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नोत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले सञ्चालन गरेका गतिविधिको प्रभावकारिताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ समेत लागु भएको छ ।

नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा २०५० साल पौष १३ गतेदेखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ । पांच बर्षसम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका व्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरुसम्म पनि भन्ने गरिन्छ । सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धि निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाईन्छ ।

सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य, अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली, २०६५ को नियम १९ ले

सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ ।

अहिले देश संघिय संरचना अनुसार संचालित छ । हाल सबै कामहरु स्थानीय तहहरु मार्फत संचालन भइरहेको बर्तमान अवस्थामा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ जारि गरेको छ । उक्त कार्ययोजनाले पनि स्थानीय तहहरुले सार्वजनिक सुनुवाईको कुरालाई महत्वका साथ उठाएको छ । सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ मा सबै स्थानीय तहहरुले आफ्ना काम तथा कार्यक्रमको पारदर्शिता र जवाफदेहिताका लागि सार्वजनिक सुनुवाइ, सामाजिक परिक्षेण र सार्वजनिक परिक्षेण सम्बन्धि छुट्टै कार्यबिधि बनाई नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षेण गर्नुपर्ने भनिएकोछ ।

## ६. कार्यक्रमको परिचय :

यो कार्यकम सार्बजनिक सुनुवाईको अबधारणा अबलम्बन गर्दै संचालन गरिनेछ । कार्यक्रममा गाउँपालिकाले प्रदान गर्ने सेवा, सुबिधा बारेमा सरोकारवाला र सर्बसाधारणका बिचमा दोहोरो सम्बाद र प्रश्नोत्तर हुने छ । कायक्रमको अन्तमा निष्कर्ष सहित साझा सार्बजनिक प्रतिबद्धता ब्यक्त गरिनेछ । यो कार्यक्रमलाई सभ्य, शालिन र अनुशासित बनाउनका लागि आचारसंहिता समेत तयार पारिनेछ । यो कार्यक्रम सार्वजनिक सुनुवाई संचालन निर्देशिका २०६७, स्थानीय सरकार संचालन ऐन २०७४ र सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ बमोजिम गाँऊपालिकाको आयोजना र यूथ मिडिया डेभलप्मेन्ट सेन्टर नेपाल (सामुदायिक रेडियो कृपालु)को सहजिकरणमा सम्पन्न गर्नका लागि यो प्रस्तावना पेश गरिएको छ ।

## ७. कार्यक्रमको उद्देश्य :

कार्यक्रमका देहाय बमोजिम उद्देश्यहरु रहेका छन् ।

- गाउँपालिकाको काम कारबाही बारे स्थानीयबासीहरुलाई जानकारी गराउने ।
- गाउँपालिका कार्यालयले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- सार्वजनिक निकायसंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभावकारिताका बारेमा पृष्ठपोषण लिने ।
- चौमासिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवा ग्राहिकाबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

## ८. आशातित उपलब्धीहरू :

कार्यक्रमका देहाय बमोजिम उपलब्धी हुनेछन् ।

- गाउँपालिकाका काम कारबाही बारे स्थानीयबासीहरुलाई जानकारी गराउने काम हुनेछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा व्यापक छलफल हुनेछ ।
- गाउँपालिकावासीका गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्न तर्फ गाँऊपालिका अग्रसर हुनेछ ।
- गाँऊपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभावकारिताका बारेमा पृष्ठपोषण लिने काम हुनेछ ।
- चैमासिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम हुनेछ ।
- कार्यक्रमको अन्तमा साझा सार्वजनिक प्रतिबद्धताको घोषणा हुनेछ ।

## ९. कार्यक्रम सञ्चालन प्रक्रिया :

- बिषयबस्तुको छनौट
- स्थान र बजेटको व्यबस्था ।
- सहभागी र सरोकारवाला छनौट ।
- नागरिक प्रतिवेदन पत्र र बर्हिगमन अभिमत संकलन ।
- अध्ययन, अनुसन्धान, सूचनाको बजार तथा सूचनाको लोकतान्त्रिकरण ।
- कार्यकमको अन्तिम तयारि ।
- कार्यकमको आयोजना ।
- बिषयबस्तु केन्द्रित दोहोरो सम्बाद, छलफल, अनौपचारिक कार्यकम संचालनको प्रक्रिया अबलम्बन ।
- सार्बजनिक प्रतिबद्धताको घोषणा ।
- अनुगमन, मुल्यांकन ।